बैठक संख्या:- २०

आज मिति २०७९ साल मंसिर १५ गते बिहिबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसि निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष. | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

CamScanner

१) **निर्णय नं.१-** यस भन्दा अघि भएका कार्यपालिका बैठकले गरेका निर्णयहरुको समिक्षा गर्दै निर्णयहरुको कार्यान्वयन प्रगति सम्बन्धमा छलफल गरि मिति २०७९ साल भाद्र २५ गते बसेको कार्यपालिकाको बैठकले पारित गरेको निर्णय नं. १ को कार्यान्वयन सन्तोषजनक भएको समिक्षा गरियो । साथै उक्त निर्णयलाई निरन्तरता दिदै कन्काई बिर्ता अर्जुन नवीकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनी लि.को दिगो सञ्चालन व्यवस्थापनका लागि बिर्तामोड नगरपालिकाको तर्फबाट गरिनु पर्ने शेयर लगानी रकम रु.२,५४,०१,५९४.४७ मध्ये रु.१,५०,००,०००।-(१ करोड ५० लाख)शेयर बापतको रकम अघिल्लो आ.व.को मौज्दात रकमबाट खर्च हुने गरि क्रमशः भुक्तानी गर्दै जाने सर्वसम्मत निर्णय गरियो ।

१) **निर्णय नं. २-** बिर्तामोड नगरपालिकामा बसोवास गर्ने तपशिलमा उल्लेखित गरिब एवं विपन्न नागरिकहरुलाई औषधी उपचारका लागि दिईएको सहयोग रकम तथा बिभिन्न संस्था/समिति/कार्यक्रमलाई दिईएको तपशिलको सहयोग रकमको अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

| सि.नं | नाम थर | ठेगाना | सहयोग रकम | सहयोगको विवरण |
|---|---|---|---|---|
| १ | याम प्रसाई | बि१.पा.न. | २०,०००।- | टाउको फुटेको उपचार |
| २ | भाद्रु राजवंशी | बि.पा.न.६ | ५०,०००।- | टाउकोको अपरेशन |
| ३ | श्री छठ समाज सेवा समिति | बि.पा.न. | ४०,०००।- | छठ पूजा २०७९ |
| ४ | राजवंशीको दधिकाद पर्व | बि७ .पा.न., ८ र ९ | ५०,०००।- | दधिकादी पर्व (दुर्गा मन्दिर बरामनि) |
| ५ | छठ पूजा समिति करेलाबारी | बि३ .पा.न. | ३०,०००।- | छठ पूजा २०७९ |
| ६ | पुर्वाञ्चल बहिरा संघ | झापा | १५,०००।- | Mister Deaf Nepalमा सहभागी हुन |
| ७ | धर्मेन्द्र भट्टराई | बि८.पा.न. | २५,०००।- | एसियन एजुकेशन एण्ड स्किल समिटमा सहभागी हुन |

२) **निर्णय नं. ३-** बिर्तामोड नगरपालिका वडा नं. २ स्थित श्री कृष्ण प्रणामी मन्दिरका नाममा रहेको सार्वजनिक जग्गा मन्दिर व्यवस्थापन समितिमा विवाद भई लामो समयबाट संरक्षण बिहिन बन्न पुगेकाले जग्गादाता श्री पुष्पलाल उप्रेतीको अनुरोधमा उक्त जग्गा, मन्दिर, भवन लगायतका सम्पूर्ण संरचनाको संरक्षण बिर्तामोड नगरपालिकाले गर्ने निर्णय गरियो ।

CamScanner

४) <u>निर्णय नं. ४</u>- बिर्तामोड नगरपालिकाको विभिन्न स्थानमा निर्माण सम्बन्धी कार्य गर्नका लागि आवश्यक नदीजन्य सामाग्रीहरु बिर्तामोड नगरपालिका वडा नं ७ स्थित देउनिया खोलाबाट नगरपालिकाका साधनहरुद्धारा उत्खनन गरि नगरक्षेत्र भित्र प्रयोग गर्न जिल्ला प्रशासन कार्यालय भद्रपुर, झापामा अनुमति माग गर्ने निर्णय गरियो ।